## स्वामीकार्तिक खापर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ४ | संख्याः १५ | मितिः २०७७/०३/१७


## भाग-२

### स्वामीकार्तिक खापर गाउँपालिका

# मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०७७

# मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०७७ _

**प्रस्तावना :**

यस गाउँपालिकाको पाँचै वडामा बसोबास गर्ने नागरिकको स्वास्थ्य र समाजमा सुशान्ती तथा आर्थिक व्ययभार न्यून गर्नका लागि मदिराको नियन्त्रण तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, स्वामीकार्तिक खापर गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ को दफा (११ञ) (१४) बमोजिमको अधिनमा रहि यस स्वामीकार्तिक खापर गाँउ कार्यपालिकाले कार्यविधि बनाई लागु गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि २०७७" रहेको छ। _

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरीकाबाट तयार पारिएको अल्कोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छयाङ, ह्विस्की, रम, जीन, ब्राण्डी, भोड्का, बियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिटस् स्प्रिटरहेड समेतलाई जनाउँछ।

(ख) "उत्पादन" भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने, पकाउने वा त्यस्तो पदार्थमा बास्नवा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ।

(ग) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(घ) "सेवनकर्ता" भन्नाले मदिरा सेवन गर्ने व्यक्तिलाई सम्झनु पर्छ।

**३. मदिराको नियन्त्रण :** यस गाँउपालिका भित्र व्यक्ति तथा व्यवसायिहरुले मदिराको उत्पादन, विक्री वितरण, ओसारपसार तथा सेवन गर्न पुर्ण रुपमा प्रतिबन्ध गरिएको छ ।

**४. समिति गठन :** (१) मदिरा नियन्त्रण तथा व्यवस्थापन गर्नका लागि यस गाँउपालिकामा निम्न बमोजिमको एउटा गाँउपालिका स्तरिय समिति गठन गरिने छ ।

| | |
|---|---|
| गाँउपालिका अध्यक्ष | - संयोजक |
| गाँउपालिकाका उपाध्यक्ष | - सदस्य |
| सबै वडाका वडाध्यक्षहरु | - सदस्य |
| स्वास्थ्य संयोजक | - सदस्य |
| प्रहरी इन्चार्ज | - सदस्य |
| गाँउ कार्यपालिकाका महिला र दलित ⁄अल्पसंख्यक गरि दुईजना सदस्यहरु | - सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत | - सदस्य सचिव |

**४(क) वडासमिति गठन :** (१) मदिरा नियन्त्रण तथा व्यवस्थापन गर्नका लागि प्रत्येक वडामा निम्न बमोजिमको एउटा वडामा समिति गठन गरिने छ ।

| | |
|---|---|
| वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको व्यक्ति | - संयोजक |
| प्रहरी कार्यालयको प्रतिनिधि | - सदस्य |
| स्वास्थ्य कार्यालयको प्रतिनिधि | - सदस्य |
| वडा स्तरको महिला समुहको प्रतिनिधि | - सदस्य |
| वडा स्तरको बाल समुहको प्रतिनिधि | - सदस्य |
| व्यापार तथा व्यवसायी संघको प्रतिनिधि | - सदस्य |
| वडा सचिव | - सदस्य सचिव |

**५. गाँउपालिका स्तरिय समिति र वडा समितिको काम कर्तव्य र अधिकार :**

(१) वडा समितिले आफ्नो वडा भित्रका टोल, बजार, विद्यालय, स्वास्थ्य केन्द्र, पार्क, मन्दिर लगायतका स्थान तथा सार्वजिनिक स्थलहरुमा मदिराको अवस्था के कस्तो छ सोको बारेमा जाँचबुझ गर्न महिनाको एक दिन अनिवार्य रुपमा अनुगमन गर्नु पर्नेछ ।

(२) अनुगमन समितिले अनुगमन गरि सकेपछिको प्रतिवेदन तयार गरि अनिवार्य रुपमा गाउँपालिका स्तरिय समीतिमा प्रतिवेदन पेश गर्नुपर्ने छ । समतिले सो प्रतिवेदन गाँउकार्यपालिकाको बैठकमा पेश गर्नेछ ।

(३) अनुगमन समितिले आफ्नो वडाको क्षेत्र भित्र मदिरा बिक्री वितरण बारे अनुगमन गर्दा यस कार्यविधिको नियम ३ मा उल्लेख गरिएका शर्तका कुरा के कति पालन गरिएका छन सो कुरा प्रतिवेदनमा अनिवार्य खुलाउनु पर्नेछ ।

(४) नियम ४ बमोजिमको समितिले नियम (१), ७(२), (३) र (४) बमोजिमको कसुर गर्ने उपर न्यायिक समितिमा मुद्दा दायर गर्न सिफारिस गर्न सक्नेछ ।

(५) गाँउपालिका स्तरिय समतिले कुनै व्यक्ति वा व्यवसायीले मदिरा संञ्चित राखेको वा ओसार पसार गर्दा भेटिएमा वा सुचना प्राप्त भएमा उक्त मदिरालाई नियन्त्रणमा लिई मुचुल्का उठाई नष्ट गर्नेछ ।

**६. सचेतना कार्यक्रम संचालन गन :** (१)_प्रत्येक ६ महिनामा मदिराको प्रभाव, कानूनी व्यवस्था र सुधार गर्नुपर्ने विषयका बारेमा वडा स्तरमा एउटा सचेतना कार्यक्रम गर्नुपर्नेछ ।

(२) वडा स्तरमा गरिएको सो सचेतना कार्यक्रमको प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा अनिवार्य पेश गर्नुपर्नेछ ।

**७. कसुर गरेको ठहर्ने :** ⌊(१) मदिरा उत्पादन गर्ने सर समान जुटाई घरेलु रुपमा मदिरा उत्पादन गर्ने कार्यलाई उत्पादन कसुर गरेको ठहर्नेछ ।

(२) इजाजत पत्र लिई वा नलिई व्यवसायिक लाभ प्राप्त गर्ने उद्देश्यले मदिरा खरिद विक्रि गर्ने कार्य मदिरा खरिद विक्रि कसुर ठहर्नेछ ।

(३) यस गाँउपालिकामा बाहिरबाट खरिद विक्रि गर्ने अभिप्रायले मदिरा जन्य बस्तु ल्याउने कार्य ओसार पसार कसुर ठहर्नेछ ।

(४) मदिरा सेवन गर्ने कार्यलाई सेवन कसुर मानिनेछ ।

**८. सजाय गर्न सकिने :** (१) कानून विपरित मदिरा उत्पादन, बिक्री वितरण, ओसारपसार तथा सेवन गर्ने लाई कानून बमोजिम सजाय गर्न सकिने छ ।

(२) नियम ७(१) विपरितको कसुर गर्ने व्यक्तिलाई पहिलो पटक रु. १०,०००।- (दश हजार रुपैया मात्र) जरिवाना गरिने छ । सोही व्यक्तिले पटक पटक सोही कसूर गरेमा रु. १५०० (एक हजारका) दरले थप हुदै जाने छ ।

(३) नियम ७(२) विपरित कसुर गर्ने व्यक्ति वा व्यवसायिलाई पहिलो पटक रु. ८,०००।- (अक्षेरुपि आठ हजार रुपैया मात्र) जरिवाना गरिने छ । सोही व्यक्ति वा व्यवसायि क्रमस पुन भेटिएमा डबल जरिवाना गरिनेछ ।

(४) नियम ७(३) बमोजिमको कसुर गर्ने व्यक्ति वा व्यवसायिलाई पहिलो पटक रु. ८,०००।- (आठ हजार) जरिवाना गरिने छ र क्रमस पुन भेटिएमा डबल जरिवाना गरिनेछ ।

(५) नियम ७(४) बमोजिमको कसुरगरि होहल्ला गर्ने, शार्वजनिक स्थलमा, शान्ति भंग गर्ने, गाली व्यईजती गर्ने व्यक्तिलाई पहिलो पटकका लागि रु ५,०००-(पाँच हजार रुपैया मात्र) जरिवाना गरिनेछ । सोही व्यक्तिले पटक पटक सोही कसुरमा २० प्रतिशतका दरले बढदै जानेछ ।

**९. मुद्दा दिन सक्ने:** यस कार्यविधि अन्तर्गत कसुर उल्लंगन गरेमा कुनै पनि व्यक्तिले यस गाउँपालिकाको न्यायिक समितिमा मुद्दा दायर गर्न सक्नेछ ।

**१०. पुनरावेदन सम्बन्धि व्यवस्था** : यस गाँउपालिकाको न्यायिक समितिले गरेको फौसलाउपर चित्त नबुझेमा सम्बन्धित व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**११. पुरस्कार :** कसैले यस कार्यविधि विपरीत कार्य गरेको कुरा प्रमाण सहित कसैले सुराकी दिएमा सो व्यक्तिको नाम गोप्य राखि निजलाई जरिवानाको २० प्रतिशतका दर हुन आउने

रकम नियम ७(१) बमोजिम सुराकि दिएमा रु २०००।- नियम ७(२) बमोजिमका सुराकी दिनेलाई १६००।- नियम ७(३) र ७(४) बमोजिमको सुराकी दिनेलाई रु.१६०० र प्रहरी तर्फ प्रत्येक जरिवानाको ३० प्रतिशत रकम पुरस्कार दिईने छ साथै सुराकी नभई प्रहरीले सोझै कारबाही गरेमा प्रत्येक जरिवानाको ५० प्रतिशत पुरस्कार वापत दिइनेछ ।

**१२. बदर :** यस कार्यविधिमा उल्लेखित नियम तथा उपनियमहरु मुल कानुन सँग बाझिएमा बाझिएको हद सम्म बदर भागि हुनेछ ।

**१३. संसोधन :** माथि उल्लेखित नियम तथा उपनियमहरु आवश्यकता अनुसार संसोधन, परिमार्जन वा परिवर्तन गर्न सकिनेछ र उक्त अधिकार यस स्वामीकार्तिक खापर गाँउपालिकाको गाँउ कार्यपालिकालाई हुने ।

**आज्ञाले**
**अमर बहादुर रोकाया**
**नि.प्रमुख प्रशासकीय अधिकृत**